# भिमाद नगरपालिका
**BHIMAD MUNICIPALITY**
## नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
भिमाद, तनहुँ
**Bhimad, Tanahun**
२०७३/2073

गण्डकी प्रदेश, नेपाल
**Gandaki Province, Nepal**


प.सं. /Ref No.:२०८१/८२
च नं/Des No.:

मिति:- २०८२।०३।२०

भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

## सूचना ।

**विषय:- भुक्तानी बन्द हुने तथा कागजात पेश गर्ने सम्बन्धमा।**

श्री विषयगत शाखा/वडा कार्यालय/उपभोक्ता समिति/निर्माण व्यवसायी/आपूर्तीकर्ता/सेवा प्रदायक संघसंस्था तथा सरोकारवालाहरु सबै ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १, ३, ७ र ८ बमोजिम आर्थिक बर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै निकासा तथा खर्चको लेखा अद्यावधिक गरी खर्च लेखांकन तथा भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान बमोजिम कार्यालयको भुक्तानी प्रकृया व्यवस्थित गर्नका लागि यस कार्यालयको मिति २०८२।०३।०६ को सूचना बमोजिम सबै सरोकारवालाहरुलाई २०८२।०३।१५ भित्र भुक्तानी प्राप्तीका लागि रितपूर्वक भुक्तानी योग्य कागजातपत्र तथा बिल भरपाई नगरपालिकाको आर्थिक प्रशासन शाखामा पेश गरी भुक्तानी लिनुहुन सूचना प्रकाशन गरिएकोमा नगरपालिकाको बार्षिक कार्यक्रम अनुसार अझै कतिपय योजना तथा कार्यक्रमको भुक्तानी बाँकी देखिएको हुँदा मिति २०८२।०३।२१ गते शनिवार पनि भुक्तानी सम्बन्धी कार्यको लागि कार्यालय खुला नै रहने हुँदा २०८२।०३।२२ गते बेलुका ५ बजे भित्र रितपूर्वक कागजातहरु पुरा गरी आर्थिक प्रशासन शाखामा पेश गर्नुहुन अनुरोध छ । कार्यालयमा भुक्तानीका लागि हाल सम्म प्राप्त कागजपत्रहरुको रित नपुगी सम्बन्धित शाखाबाट आर्थिक प्रशासन शाखामा आउन नसकेको र ति कागजातपत्रको रित पुरा गर्नका लागि २०८२।०३।२३ र २४ गते २ दिन समय लाग्ने र भुक्तानीका लागि प्रयोग हुने SUTRA प्रणालीले बढी कार्यचापका कारण अपेक्षाकृतरुपमा कार्यसम्पादन गर्न नसकी लेखांकन तथा भुक्तानीमा समस्या आई अबरुद्ध हुन सक्ने हुँदा २०८२।०३।२२ पछाडी कुनै पनि नयाँ फाइल तथा कागजातपत्रहरु यस कार्यालयका कुनै पनि शाखाबाट नबुझिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

अर्जुनप्रसाद पौडेल
लेखा अधिकृत
अर्जुनप्रसाद पौडेल
लेखा अधिकृत

कमल प्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत
कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ:-
श्रीमान नगर प्रमुख ज्यू
श्रीमान नगर उप्रमुख ज्यू
श्री सूचना प्रविधि शाखा:- यो सूचना कार्यालयको website, Facebook page मा राखिदिनुहुन ।